बैठक मिति: २०७५/२/१८

<u>छलफल तथा निर्णयहरु</u>

१. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत दीर्घकालीन सोचको खाका र पन्ध्रौं योजनाको खाका आयोगको पूर्ण बैठकमा वा. सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्षज्यूको स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाउने ।

२. अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको Millennium Challenge Fund अन्तर्गत सञ्चालनका लागि प्रस्तावित विद्युत्त प्रशारण आयोजना (Electric Transmission Project)को देहाय बमोजिमका खण्डसहितको परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाकोरुपमा निर्धारण गर्नका लागि सोही मन्त्रालयबाटै आवश्यक प्रकृया अघि बढाउन आयोगको सैद्धान्तिक सहमति रहेको व्यहोरा लेखी पठाउने ।

क) काठमाडौंको उत्तरपूर्वमा अवस्थित लप्सीफेदीदेखि काठमाडौंको पश्चिममा रहेको रातमाटेसम्मको खण्ड ।

ख) रातमाटेदेखि हेटौंडासम्मको खण्ड ।

ग) रातमाटेदेखि दमौलीसम्मको खण्ड ।

घ) दमौलीदेखि बुटवलसम्मको खण्ड ।

ङ) बुटवलदेखि भारतको सीमानासम्मको खण्ड ।

३ सुशासन तथा सामाजिक विकास महाशाखाबाट अंग्रेजी भाषामा अनुवादित बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०१८-२०२२) को प्रस्तुतिसहित बैठकलाई जानकारी गराइयो । यस सम्बन्धमा खाद्य सुरक्षा तथा पोषण क्षेत्र हेर्नुहुने माननीय सदस्य डा उषा झाज्यूको संयोजनमा सुशासन तथा सामाजिक विकास महाशाखाले आवश्यक प्रकाशन तथा वितरणको व्यवस्था गर्ने।

४ आयोगको बैठकमा चालु आर्थिक वर्ष २०७५/७६ को श्रावण महिनादेखि भएका निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा समीक्षा गर्ने ।